नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ९९ २०८३ साल कात्तिक २८ गते शनिबार (14 Nov 2026 Saturday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : छठको व्रत विधि ... ३ पृष्ठमा : भीमफेदी दुर्घटना: गाडीमा ठाउँ ... ३ पृष्ठमा : जासुसी विवादपछि ...

## बाल अधिकारको संरक्षण

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

# छठ पूजाका लागि ५१ विपन्न परिवारलाई साडीसहित पूजा सामग्री वितरण



**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।**

छठ पर्व मनाउनका लागि विपन्न परिवारलाई एक सामाजिक संस्थाले साडीसहित विभिन्न पूजाका सामाग्रिहरु वितरण गरेको छ ।

तराई मधेश महिला फाउन्डेशन नेपाल राजविराज सप्तरीले राजविराज नगरपालिका वडा नं. ६ स्थित पुर्नी पोखरी टोलका विपन्न परिवारलाई ती सामग्रिहरु वितरण गरेको हो ।

संस्थाकी अध्यक्ष सुनिता कुमारी साहले स्थानीय ५१ जना विपन्न परिवारलाई छठ पूजाका लागि साडी, नरिवल, सिंगारका सामग्री लगायतका पूजा सामग्री वितरण गरेकी हुन् ।

साडी, नरिवल, सिँगारका सामग्री लगायतका आवश्यक पूजा सामग्री पाएपछि स्थानीय विपन्न परिवारले खुसी व्यक्त गरे ।

अध्यक्ष साहले हरेक वर्ष यसरी नै विपन्न परिवारका लागि सामाग्रि बितरण गर्दै आइरहेकी छिन् । उनले आर्थिक अवस्था कमजोर भएका परिवारलाई छठ पर्व मनाउन सहज होस् भन्ने उद्देश्यले सामग्री वितरण गरिएको सुनाइन् । आगामी दिनमा पनि सामाजिक तथा मानवीय सेवाका कार्यक्रमलाई निरन्तरता दिने उनको भनाई छ ।

# महापर्व छठ अन्तरगत आज 'खरना' विधी गरिदै

**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।**

सूर्य उपासनाको महापर्व छठको तयारीमा ब्रतालुहरु जुटेका छन् । पर्वको प्रारम्भ बर्तालुले शुक्रबार 'नहाय-खाय' विधिबाट गरे भने शनिबार निराहार व्रत बसी राति सखरमा पकाइएको अरवा चामलको खिर कूलदेवता र छठीदेवीलाई चढाएर प्रसादस्वरुप खानेछन् । यो विधिलाई 'खरना' भनिन्छ ।

लोक आस्थाको महापर्वमा बर्तालुले षष्ठी तिथिका दिन आइतबार निराहार व्रत बसेर साँझपख मनोरम घाट बनाइएको जलाशयमा पुगी कम्मरसम्म पानीमा चोबलिएर अस्ताउँदा सूर्यलाई अर्घ्य दिएर प्रसाद राखिएको डाली हातमा उठाइ सूर्यलाई देखाइन्छ । यो विधिलाई 'सझुका अरख' वा 'सँझियाघाट' भनिन्छ ।

यसरी 'सझुका अरख' मा देखाइएको प्रसाद सामग्रीको डाली सप्तमीका दिन बिहानै उदाउँदा सूर्यलाई अर्घ्य दिएर देखाइएपछि छठ सम्पन्न हुने परम्परा छ । यसपालि छठको समापन सोमवार बिहान सूर्योदयसँगै गरिने छ ।

श्रद्धा, निष्ठा र आत्मिक शुद्धीलाई अत्यन्त महत्व दिइने छठमा पूजा प्रसाद सामग्री ठकुवा (गहुँको पिठो र सखर मिसाएर शुद्ध घ्यूमा बनाइने खास परिकार), भुसुवा (कसार) र अन्य मिष्ठान्न परिकार ढिकी, जाँतोमा कुटिएको र पिधिंएको चामल र गहुँको पिठोबाट नै पकाइने परम्परा छ । यी परिकार पकाउन चुल्हो पनि नयाँ प्रयोग गरिन्छ ।
पर्वमा सूर्यलाई अर्घ्य दिने र हात उठाउने समयमा ज्यामिर, बिमिरो, बोटसहित उखालिएको अदुवा, बेसार र फुर्को ( पातगुवो) सहितको उखु

*बाँकी अन्तिम पृष्ठमा*

# कालिकामाई गाउँपालिकाको कार्यालयमा आगजनी

**दैनिक समाचारदाता**
**पर्सा, २७ कात्तिक ।**

पर्साको कालिकामाई गाउँपालिकाको कार्यालयमा अज्ञात समूहले आगजनी गरेको छ ।

बुधबार राति गाउँपालिका-३ हरिहरपुरवीर्तास्थित कार्यालयमा अज्ञात समूहले मुख्य गेटको ताल्चा खोलेर भित्र प्रवेश गरी आगजनी गरेको प्रहरीले जनाएको छ ।

बिहीबार बिहान कार्यालयमा कार्यरत कर्मचारीले मुख्य गेट खोलेर भित्र प्रवेश गर्दा आगजनी भएको देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

आगजनीबाट महत्त्वपूर्ण कागजपत्र, शाखामा रहेका कुर्सी, टेबललगायत फर्निचर, एसी र कम्प्युटर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# आर्थिक गणनामा छ प्रदेशको लगत प्रशोधन सम्पन्न

काठमाडौँ, २७ कात्तिक (रासस) ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक गणनाअन्तर्गत छ वटा प्रदेशका व्यावसायिक प्रतिष्ठानको लगत प्रशोधन कार्य सम्पन्न गरेको छ ।

कार्यालयले कोशी, मधेस, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका व्यावसायिक प्रतिष्ठानको तथ्याङ्क प्रशोधन पूरा गरेको हो । बाँकी बागमती प्रदेशका प्रतिष्ठानको तथ्याङ्क प्रशोधन कार्य भइरहेको गणना शाखाका निर्देशक डा वेदप्रसाद ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रशोधन गरिएका करिब ११ लाख व्यावसायिक प्रतिष्ठानका विवरणमा रहेका त्रुटि, दोहोरिएका विवरण तथा अङ्गत असङ्गति सच्याएर तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्ने काम भइरहेको छ ।

आर्थिक गणनामा कूल १३ लाख ६६ हजार व्यावसायिक प्रतिष्ठान समेटिएका थिए । गत वैशाख २ देखि असार ७ गतेसम्म सञ्चालन गरिएको गणनामा सङ्कलित विवरणलाई सही, विश्वसनीय र उपयोगी बनाउन लगत प्रशोधनका विभिन्न चरण पूरा गरिँदै छ ।

प्रतिष्ठानको प्रकृतिअनुसार औद्योगिक, व्यापारिक तथा सेवामूलक क्षेत्रका रूपमा वर्गीकरण गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय मापदण्डअनुसार कोडिङ गरिने निर्देशक ढकालले बताउनुभयो ।

कागजी तथा डिजिटल फाराममा सङ्कलित विवरण

*बाँकी अन्तिम पृष्ठमा*


## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो कादा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



**ट्राफिक नियम पालना गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# राजविराज विमानस्थलबाट थप उडान आवश्यक

सप्तरी जिल्लाको सदरमुकाम राजविराजस्थित राजविराज विमानस्थल यस क्षेत्रको आर्थिक, सामाजिक तथा पर्यटन विकासका लागि महत्वपूर्ण पूर्वाधार हो । तर, पर्याप्त हवाई उडानको अभावमा विमानस्थलले अपेक्षित लाभ दिन सकेको छैन । लामो समयदेखि सीमित उडानमा निर्भर रहनुपर्दा सप्तरीसहित आसपासका जिल्लाका नागरिकले हवाई सेवा उपयोग गर्न कठिनाइ भोग्दै आएका छन् । राजविराजबाट नियमित र थप उडान सञ्चालन हुन सके यस क्षेत्रका नागरिकलाई काठमाडौंलगायत अन्य गन्तव्यमा आवतजावत गर्न सहज हुनेछ । विशेषगरी बिरामी, ज्येष्ठ नागरिक, व्यवसायी, सरकारी कर्मचारी तथा आकस्मिक कामका लागि यात्रा गर्नुपर्ने व्यक्तिहरूलाई हवाई सेवाले ठूलो राहत दिन सक्छ ।

थप उडान नहुँदा अहिले पनि धेरै यात्रु जनकपुर, विराटनगर वा अन्य विमानस्थल पुग्न बाध्य छन् । यसले समय र खर्च दुवै बढाएको छ । राजविराज विमानस्थलबाट थप उडान सञ्चालन हुनु भनेको यात्रुको सुविधामा मात्र वृद्धि हुनु होइन, यसले समग्र क्षेत्रको आर्थिक गतिविधिलाई समेत गति दिन सक्छ । सप्तरीको कृषि उत्पादन, व्यापार, उद्योग, पर्यटन तथा होटल व्यवसायको प्रवर्द्धनमा हवाई सेवाले सकारात्मक भूमिका खेल्न सक्छ । धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको प्रचारप्रसार र पर्यटक आगमन बढाउन पनि सहज हुनेछ ।

यसका लागि सरकार, नागरिक उड्डयन प्राधिकरण, विमान सेवा कम्पनी र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक छ । विमानस्थलको पूर्वाधार, यात्रुको सुरक्षा, सेवा सुविधाको सुधार तथा यात्रुको मागअनुसार उडान तालिका निर्धारण गर्नुपर्छ । निजी विमान सेवा कम्पनीलाई समेत थप उडानका लागि प्रोत्साहित गर्न आवश्यक छ । तसर्थ स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, उद्योगी व्यवसायी तथा नागरिक समाजले पनि यस विषयमा साझा आवाज उठाउनुपर्छ ।

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र** : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# छठको व्रत विधि सुरु

**पूर्णप्रसाद मिश्र**
काठमाडौँ, २७ कात्तिक (रासस) ।

राजधानी काठमाडौँ सहरमा प्रत्येक वर्ष छठ बर्तालुको सङ्ख्या वृद्धि हुँदै गएको छ ।

भगवान् सूर्यदेव र नदीको श्रद्धा भक्तिपूर्वक पूजा, आराधना गरी मनाइने छठ पर्वका लागि बर्तालु राजधानीका छठ घाटमा स्थान खोज्न व्यस्त छन् । राजधानीमा करिब डेढ दर्जन स्थानमा भव्य रुपमा छठ पर्व मनाइने गरिएको छ ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व राजधानीमै मनाउनेको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको छठ पूजा समिति गुह्येश्वरीले जनाएको छ ।

गौरीघाटबाट गुह्येश्वरीसम्मको वाग्मती नदी किनारमा यस वर्ष ६०० छठ घाटको व्यवस्था गरिएको समितिका अध्यक्ष अनिल सिंहले राससलाई जानकारी दिनुभयो ।

विगत वर्षमा यहाँ ५५० छठ घाट निर्माण गरिएको थियो । निर्माण गरिएका सबै छठ घाट भाइटीका अघि नै 'बुक' भइसकेको उहाँले बताउनुभयो । उहाँका अनुसार अहिले पनि दैनिक फोन र स्थलगत रुपमा कार्यालयमै आइ छठ घाट खोज्नेहरु आइरहेका छन् । गौरीघाटबाट गुह्येश्वरीस्थित अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यालयअघिका नदी किनारसम्म छठ घाट निर्माण गरिएको छ ।

त्यस क्षेत्रको वाग्मती किनारमा प्रत्येक वर्ष छठ घाट निर्माणस्थल विस्तार भएर गइरहेको छ । गत वर्ष गुह्येश्वरी मन्दिरअघिसम्म मात्र छठ घाट निर्माण गरिएको थियो । गत वर्ष बनाएका छठ घाटले नपुगेपछि यस वर्ष करिब ५० वटा छठ घाट वृद्धि गरिएको छ । वृद्धि गरिएको घाट पनि 'बुक' भएर थप माग भइरहेको समितिले जनाएको छ ।

दुई दशकअघिसम्म राजधानीमा मधेसी समुदायले मात्र छठ व्रत बसी पूजा, आराधना गरेकामा पछिल्लो समय अन्य समुदायको पनि सहभागिता बढ्न थालेको हो । अहिले छठ मनाउनेमध्ये करिब २१ प्रतिशत मधेसी समुदायबाहेक रहेको अभिलेख पनि समितिले राखेको छ ।

**छठको व्रत विधि सुरु**

छठ पर्वका सन्दर्भमा शुक्रबारैदेखि कात्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी चोखो खाएर बस्ने गरिन्छ । शुक्रबारदेखि छठ नसकिएसम्म बर्तालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरोआदि नखाने विधि छ । चतुर्थीको कर्मलाई अरबाइन वा अरबा भनिन्छ ।

मनोकाङ्क्षा पूरा हुने विश्वासमा महिलाले छठमा कठोर व्रत गर्छन् । विशेषगरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडमा मनाउन थालिएको हो ।

विसं २०४६ देखि नै सरकारले यस पर्वका दिन सार्वजनिक बिदा दिन थालेको हो । विसं २०६३ पछि भने काठमाडौँको थापाथली, गुह्येश्वरी, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्वका साथ यो पर्व मनाउने गरिँदैआएको छ ।

रानीपोखरीमा भूकम्पपछिको पुनर्निर्माणसँगै छठ मनाउन बन्द भएको छ । यसअघिदेखि नै वाग्मती र विष्णुमती नदीकिनारमा छठ मनाउने संस्कृति सुरु भएको थियो । कार्तिक शुक्ल पञ्चमीका दिनमा निर्जल उपवास बस्ने गरिन्छ ।

त्यस दिन बेलुकी घरमा खीर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ । यसलाई खरना भन्ने गरिएको काठमाडौँमा छठ मनाउँदै आउनुभएका रणेन्द्र कुशवाहाले बताउनुभयो । उहाँले भन्नुभयो, "षष्ठीका दिन बर्तालुले ठेकुवा, फलफूल, मिठाई र रोटी सूर्य एवं छठी मातालाई चढाउने गरिन्छ, रोटीमा सूर्यको रथका पाङ्ग्रा अङ्कित गरिन्छ ।"

षष्ठीका दिन पक्वान्न, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ । अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीँ रात बिताइन्छ ।

सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४:०० बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ ।

बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिई सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्त लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको रीता यादव बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रुपमा मानी विशेष पूजा गर्ने गरिएको हो ।"

कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकाङ्क्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो ।

**सन्तान प्राप्तिको कामनाले व्रत गर्ने धेरै**

सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट सुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ ।

सूर्य पूजा र दर्शन गरी विवाहिता महिला पुरुषले पति पत्नीको दीर्घायु एवं अविवाहित केटाकेटीले सुयोग्य वर वधु प्राप्तिको कामना गर्ने प्रचलन छ । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको सङ्ख्या पनि उल्लेख्य रहेको पाइन्छ ।

छठ पूजा समिति गुह्येश्वरीका उपाध्यक्ष राजकुमार पोद्दार सन्तान प्राप्तिको कामनाले छठ व्रत गर्नेहरु बढिरहेको बताउनुहुन्छ । छालासँग सम्बन्धित रोगबाट मुक्तिको कामनाले व्रत गर्ने दोस्रो नम्बरमा हुने गरेका छन् । अन्य कामनाले व्रत गर्नेहरु पनि छन् ।

उक्त पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्वीको समेत सहभागिता रहने गरेको छ । कमलपोखरी, गुह्येश्वरीलगायत काठमाडौँमा निर्माण भएका छठ घाटमा बौद्ध, जैन र मुस्लिम धर्मावलम्बी पनि सूर्यदेवको पूजा, आराधनाका लागि आउने गरेका छन् । यसरी छठ पर्व धार्मिक सहिष्णुताको प्रतीक पनि बन्न सफल भएको छ ।

राजधानीका गुह्येश्वरी, कमलपोखरी, टेकु, वंशीघाट, बल्खुलगायत वाग्मती र विष्णुमती नदी किनारमा छठ घाट निर्माण गरी आकर्षक रुपमा सजाउन थालिएको छ । छठ घाट निर्माण भइरहेका स्थलमा अहिले स्थानका लागि स्थान लिन जानेको घुइँचो देखिन्छ ।

**छठ व्रतको शास्त्रीय एवं पौराणिक मान्यता**

सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुसी पारी यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ । महाभारतकालमा द्रोपदीसहित पाण्डव अज्ञातवासमा रहँदा गुप्तवास सफल होस् भनी सूर्यदेवलाई पूजा, आराधना गरेका थिए । पाण्डव विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको एकथरी मत छ ।

सूर्य पुराणमा उल्लेख भएअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुआत भएको अर्काथरीको भनाइ छ ।

यसैबीच, गुह्येश्वरी क्षेत्रको छठ घाट निर्माणका क्रममा यस क्षेत्रको वाग्मती नदी पनि सफाइ गरिएको छ । अधिकार सम्पन्न वाग्मती समितिले नै यस क्षेत्रको वाग्मतीमा डोजर लगाएर सफाइ गर्ने र बालुवा एवं माटो सम्याउने काम सम्पन्न गरेको छ ।

यसैगरी, कमलपोखरीमा पनि छठ घाट निर्माण भइरहेको कमलपोखरी छठ पूजा समितिका अध्यक्ष राजेन्द्र सिंहले राससलाई जानकारी दिनुभयो । दुवै स्थानमा कात्तिक २९ गते बेलुकी राष्ट्रपति रामचन्द्र पौडेलले विशेष पूजा एवं छठ पर्व अवलोकन गर्नुहुने कार्यक्रम रहेको छ ।

उहाँले अस्ताउँदो सूर्यलाई अर्घ्य दिई छठ पर्वको शुभारम्भ गर्नुहुने जनाइएको छ । यस वर्ष कात्तिक २९ गते आइतबार बेलुकी अस्ताउँदो र कात्तिक ३० गते सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइने कार्यक्रम रहेको छ । सूर्यलाई अर्घ्य दिएसँगै चार दिने छठ पर्व समापन हुनेछ ।

# आइटियुमा नेपालको सहभागिता अर्थपूर्ण रह्यो : सञ्चारमन्त्री

काठमाडौँ, २७ कात्तिक (रासस) ।

सूचना तथा सूचनामन्त्री डा विक्रम तिमिल्सिनाले अन्तरराष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियु)को महासम्मेलन (आइटियु पिपी-२६) मा नेपालले अर्थपूर्ण र प्रभावकारी सहभागिता जनाएको बताउनुभएको छ ।

कतारको दोहामा जारी सम्मेलनमा सहभागी भई स्वदेश फर्किएपछि आज त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार भेटमा उहाँले उदीयमान प्रविधिको प्रयोगमार्फत विकासशील राष्ट्रमा देखिएको 'डिजिटल डिभाइड'लाई कम गर्ने र प्रविधिको पहुँच बढाउने विषयमा नेपालले आफ्नो धारणा प्रस्तुत गरेको जानकारी दिनुभयो ।

सम्मेलनका क्रममा सूचना प्रविधि र टेलिकम क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेका देशसँग आगामी दिनमा डिजिटल रुपान्तरणका बारेमा सहकार्य र साझेदारी अभिवृद्धि गर्नेबारेमा पनि छलफल भएको उहाँले जानकारी दिनुभयो । "सूचना प्रविधिका क्षेत्रमा पहुँच विस्तार हुँदै जानुपर्नेमा विभिन्न कारणले त्यो पहुँच खुम्चिँदै गएको पनि पाइएको छ । सूचना प्रविधिको पहुँच कसरी विस्तार गर्ने भन्नेमा द्विपक्षीय छलफल भयो", उहाँले भन्नुभयो ।

मन्त्री तिमिल्सिनाले मलेसिया, इस्टोनिया, कतार, चीन, भारत तथा रुसलगायत देशका मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीसँग द्विपक्षीय भेटघाट र महत्वपूर्ण छलफल भएको जानकारी दिँदै नेपालको आवश्यकता र रुचिअनुसार विभिन्न देशसँग सूचना प्रविधि र टेलिकम क्षेत्रमा सहकार्य तथा साझेदारीका विषयमा विचारविमर्श भएको स्पष्ट पार्नुभयो ।

बाढी, पहिरो र भूकम्पजस्ता विपद्का बेला सञ्चार प्रणालीलाई कसरी निर्बाध रूपमा चालु राख्ने भन्नेबारेमा सम्मेलनमा व्यापक छलफल भएको मन्त्री तिमिल्सिनाले जानकारी दिनुभयो । त्यस क्रममा नेपालका तर्फबाट मन्त्री तिमिल्सिनाले विपद्को समयमा सञ्चारको भूमिका झनै महत्वपूर्ण

*बाँकी तीन पृष्ठमा*

# भीमफेदी दुर्घटना: गाडीमा ठाउँ नपाउँदा जोगिए अवधेश, तर परिवारका छ जना गुमाए

**बसन्त भण्डारी**

हेटौँडा, २७ कात्तिक (रासस)।

अवधेश यादवले छठ पर्व मनाउन सर्लाहीस्थित घर फर्किने सबै तयारी पूरा गरिसक्नुभएको थियो। बुधबार साँझ नै कपडा र छठ पूजाका लागि आवश्यक सामग्री मिलाएर राखिएका थिए। श्रीमती, छोराछोरी र दुई भाइसँगै गाउँ पुग्ने योजनाअनुसार उहाँ राति करिब १:०० बजे उठ्नुभयो। श्रीमती पुनमदेवी यादवलाई पनि उठाउनुभयो। त्यसपछि अवधेश छोराछोरीलाई तयार पारेर परिवारका सबै सदस्य ललितपुरको टीकाथली चोक पुग्नुभयो।

सर्लाहीको चक्रघट्टा गाउँपालिका-४ सुन्दरपुरटोलका छिमेकी र आफन्त मिलेर विद्युतीय माइक्रोबस रिजर्भ गरेका थिए। सबैको उद्देश्य एउटै थियो, घर पुगेर परिवारसँग छठ मनाउने। अवधेशका परिवारबाट मात्रै आठ जना यात्राका लागि निस्किएका थिए।

तर गाडीमा चढ्ने बेला अवधेशका लागि ठाउँ पुगेन। बालबालिकासहित यात्रुले गाडी भरिएको थियो। केहीबेरको अन्योलपछि अवधेशले श्रीमती, छोराछोरी र दुई भाइलाई पठाएर आफू पछि जाने निर्णय गर्नुभयो। एक दिन थप फलफूलको व्यापार गरेर घर फर्किने सोचसहित उहाँ कोठामा फर्किनुभयो।

बिहान उठ्दा भने अवधेशले परिवार चढेको गाडी दुर्घटनामा परेको खबर पाउनुभयो। छठ मनाउन घर पठाएका अवधेशका श्रीमती, तीन छोरी र दुई भाइको ज्यान गएको थियो।

बिहीबार साँझ हेटौँडा अस्पताल परिसरमा भेटिनुभएका अवधेशले गाडीमा ठाउँ नपुगेपछि परिवारका सदस्यलाई पठाएर आफू पछि आउने निर्णय गरेको सुनाउनुभयो। छठ मनाउन परिवारसँगै घर जाने योजना बनाएका उहाँका लागि त्यही बिदाइ अन्तिम बन्न पुग्यो।

अवधेशकी ३५ वर्षीया श्रीमती पुनमदेवी यादव, १० वर्षीया छोरी अनुकुमारी, सात वर्षीया दीक्षा, पाँच वर्षीया दीपिका तथा दुई भाइ २६ वर्षीय विकेश र २४ वर्षीय सुवोध यादवको उक्त दुर्घटनामा मृत्यु भएको हो। विकेश काठमाडौँमा सिभिल इन्जिनियरिङ अध्ययन गर्दै हुनुहुन्थ्यो भने सुवोध फलफूल व्यापारमा संलग्न हुनुहुन्थ्यो। परिवारका १४ महिनाका बालक सुदीप यादव भने दुर्घटनामा घाइते हुनुभएको छ।

त्यही गाडीमा सवार ३३ वर्षीय मुकेश यादव पनि छठ मनाउन सर्लाही फर्किँदै हुनुहुन्थ्यो। उहाँका अनुसार बुधबार मध्यरातपछि करिब २ बजे टीकाथलीबाट यात्रा सुरु भएको थियो। गाडीमा अधिकांश यात्रु एउटै गाउँका छिमेकी र आफन्त थिए। उहाँले चालकलाई पहिलेदेखि नै चिन्नुहुन्थ्यो र यसअघि पनि सोही गाडीमा यात्रा गरिसक्नुभएको थियो।

तर बिहीबार बिहान करिब ५:४५ बजे मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित चिसापानीगढीमा उनीहरू चढेको मधेस प्रदेश ०३-००१ ज ०८८० नम्बरको विद्युतीय माइक्रोबस सडकबाट भिरमा खस्यो।

दुर्घटना हुँदा मुकेश निदाइरहनुभएको थियो। गाडी कसरी सडकबाट तल खस्यो भन्ने उहाँलाई थाहा भएन। गाडीसँगै भिरमा पुगेपछि मात्रै दुर्घटनाबारे थाहा पाउनुभयो। आफूहरूमध्ये अधिकांश यात्रु निदाइरहेको उहाँले अस्पतालमा उपचारका क्रममा बताउनुभयो।

दुर्घटनामा मुकेशको ज्यान जोगियो। तर उहाँसँगै घर फर्किँदै गरेका धेरै छिमेकी र आफन्त गन्तव्यमा पुग्न पाएनन्। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार दुर्घटनामा चालकसहित १४ जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन्।

बिहीबार बिहान ५:५५ बजे दुर्घटनाको सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो। त्यसपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको थप जनशक्ति परिचालन गरियो। तर दुर्घटनास्थलसम्म पुगेर घाइते र मृतकको उद्धार गर्न सहज थिएन।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख एवं प्रहरी उपरीक्षक श्यामबहादुर खत्री बिहानदेखि घटनास्थलमा खटिनुभएको थियो। दिनभरको उद्धारपछि फर्किनुभएका उहाँले राससँगको कुराकानीमा दिनभर भोग्नुपरेका कठिनाइ सुनाउनुभयो। "आज दिन बितेको पत्तै भएन आज", उहाँले भन्नुभयो।

प्रहरी उपरीक्षक खत्रीका अनुसार दुर्घटनास्थल अत्यन्त ठाडो भिरमा थियो। मानिस सहज रूपमा हिँड्ने बाटो थिएन। घाँसका बुट्यान र रूखका हाँगा समातेर तलमाथि गर्नुपर्ने अवस्था थियो। माथिबाट हुङ्गा खस्ने जोखिम उत्तिकै थियो। उद्धारका लागि लगिएको डोरीको लम्बाइसमेत अपुग भएपछि काम थप कठिन बनेको थियो।

"मान्छे हिँड्ने बाटै छैन। घाँसको बुटा र रूखका हाँगा समातेर माथि आउनुपर्ने अवस्था थियो", प्रहरी उपरीक्षक खत्रीले सुनाउनुभयो। मृतकका शव निकाल्न डोको प्रयोग गर्ने प्रयाससमेत गरिएको थियो। तर ठाडो भिरमा डोको बोकेर पाँच मिटर पनि अघि बढ्न नसकिएको उहाँले बताउनुभयो। बोक्ने व्यक्ति नै लड्ने जोखिम भएपछि उक्त प्रयास छाड्नुपरेको थियो। उद्धारमा खटिएका सुरक्षाकर्मीका लागि आफ्नै ज्यान जोगाएर काम गर्नु चुनौतीपूर्ण बनेको थियो।

भिरमा एकअर्कालाई देख्न र आवाज सुन्नसमेत कठिन थियो। सञ्चार सम्पर्क सहज नहुँदा टोलीबीच समन्वयमा समस्या परेको प्रहरी उपरीक्षक खत्रीले सुनाउनुभयो। मोबाइल फोन उठाउन पनि हातले बुट्यान समात्न छाड्नुपर्ने र त्यसले चिप्लिने जोखिम बढाउने अवस्था थियो।

प्रहरी उपरीक्षक खत्री बिहानदेखि उद्धार कार्यमा व्यस्त हुनुहुन्थ्यो। दिउँसो करिब ३:०० बजेमात्रै चाउचाउ खान पाएको उहाँले सुनाउनुभयो। घटनास्थलमा पानीसमेत सहज रूपमा खान सकिने अवस्था थिएन। दुर्घटनापछि यात्रुको सङ्ख्या एकिन गर्न पनि समय लाग्यो। प्रहरी उपरीक्षक खत्रीका अनुसार गाडीमा चालकसहित २० जना सवार थिए। तीमध्ये छ जना काखमा बोकेर यात्रा गराइएका बालबालिका थिए।

गाडी भिरमा खस्दा यात्रुहरू फरक-फरक स्थानमा पुगेका थिए। कतिपय गाडी नजिकै भेटिए भने कतिपयलाई निकै टाढासम्म खोज्नुपरेको थियो। सुरुमा फेला परेका यात्रुको सङ्ख्या नमिलेपछि थप सुरक्षाकर्मी परिचालन गरेर खोजतलास गरिएको थियो। त्यही खोजतलासका क्रममा १४ महिनाका सुदीप जीवित भेटिनुभयो। प्रहरी उपरीक्षक खत्रीका अनुसार बालक दुर्घटनास्थलको एक छेउमा फेला परेका थिए। अन्य यात्रु छुटेका छन् कि भनेर खोज्दा बालक जीवित भेटिएको उहाँले बताउनुभयो।

अवधेशका परिवारका अन्य छ सदस्यको मृत्यु हुँदा सुदीप भने जीवित भेटिनुभएको हो। उहाँलाई उद्धार गरी उपचारका लागि हेटौँडा अस्पताल ल्याइएको थियो। प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार दुर्घटनामा घाइते भएका छ जनामध्ये मुकेश यादव, पाँच वर्षीय सक्षमकुमार यादव र २६ वर्षीय देवेन्द्र राय उपचारपछि डिस्चार्ज भएका छन्। तीन वर्षीय सुजन यादव र सुदीप यादवलाई थप उपचारका लागि काठमाडौँस्थित मेडिसिटी अस्पताल तथा ३१ वर्षीय देवेन्द्र रायलाई भरतपुरस्थित मनकामना अस्पताल पठाइएको छ।

दुर्घटनाको कारण भने खुलिसकेको छैन। प्रहरी नायब उपरीक्षक काफ्लेका अनुसार गाडी अघिल्लो साँझ सर्लाहीबाट काठमाडौँ आएको र राति पुनः यात्रु लिएर फर्किएको प्रारम्भिक जानकारी छ। चालकले पर्याप्त विश्राम नपाएको हुसक्ने विषयमा समेत अनुसन्धान भइरहेको छ।

प्रहरी उपरीक्षक खत्रीका अनुसार गाडी चिसापानीगढी नजिकको घुम्तीबाट सडक छाडेर तल खसेको पाइएको छ। दुर्घटनाको कारण पत्ता लगाउन जिल्ला प्रशासन कार्यालयले छानबिन समिति गठन गरेको छ। मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले भीमफेदी-देउराली सडकखण्डमा पछिल्लो एक वर्षमा तीनवटा ठूला दुर्घटना भएको बताउनुभयो।

जोखिमपूर्ण घुम्तीमा आवश्यक सुरक्षा संरचना, ट्राफिक सङ्केत र घुम्तीमा राखिने ऐनालगायत सामग्रीको अभाव रहेको उल्लेख गर्दै उहाँले सडक सुधारका लागि बागमती प्रदेश सरकारसँग छलफल गरेको जानकारी दिनुभयो।

चालकको पर्याप्त विश्राम, सवारीसाधनको निगरानी र सडक सुरक्षामा प्रभावकारी व्यवस्थापन आवश्यक रहेको उहाँको भनाइ छ। छठ मनाउन परिवारसँग घर फर्किने तयारीमा रहनुभएका अवधेश गाडीमा ठाउँ नपाउँदा काठमाडौँमै रोकिनुभयो। उहाँले बिदाइ गरेका श्रीमती, तीन छोरी र दुई भाइ भने घर पुग्न पाएनन्। दुर्घटनास्थलमा जीवित भेटिएका १४ महिनाका सुदीपको उपचार भइरहेको छ।

अर्कातर्फ, दुर्घटनाबाट जोगिनुभएका मुकेशका लागि पनि त्यो यात्रा जीवनभर सम्झनामा रहनेछ। छठ मनाउन सँगै घर फर्किएका छिमेकी र आफन्तमध्ये धेरैको यात्रा भीमफेदीमै टुङ्गियो। दुर्घटनाको वास्तविक कारण अनुसन्धानबाट खुल्नेछ। तर पटक-पटक ठूला दुर्घटना भइरहने सडकमा आवश्यक सुरक्षा संरचना, चालकको विश्राम र सवारी व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने आवश्यकता यस घटनाले फेरि उजागर गरेको छ।

## आइटियुमा नेपालको ...

हुने कुरामा जोड दिँदै नीतिगत मन्तव्य प्रस्तुत गर्नुभएको थियो।

मन्त्री तिमिल्सिनाले विकासोन्मुख तथा अल्पविकसित मुलुकलाई डिजिटल रूपान्तरणको प्रक्रियामा पछाडि पर्न नदिन लक्षित प्राविधिक सहायता, प्रविधि हस्तान्तरण तथा सहुलियतपूर्ण वित्तीय सहयोग आवश्यक रहेकामा जोड दिनुभएको थियो।

विश्वव्यापी डिजिटल रूपान्तरणले नयाँ अवसर सिर्जना गरे पनि कम्प्युटिङ क्षमता, दक्ष जनशक्ति, लगानी तथा प्रविधिमा असमान पहुँचका कारण विकासोन्मुख मुलुक थप पछाडि पर्ने जोखिम रहेको उहाँको भनाइ थियो।

डिजिटल पहुँचमा रहेको असमानताँसँगै कृत्रिम बौद्धिकता, फाइभजीलगायत उदीयमान प्रविधिमा पहुँचका आधारमा नयाँ प्रकारको डिजिटल विभाजन सिर्जना भइरहेको जनाउँदै मन्त्री तिमिल्सिनाले डिजिटल रूपान्तरणको लाभ सबै देश तथा समुदायमा समान रूपमा पुऱ्याउन अन्तरराष्ट्रिय सहकार्य अपरिहार्य रहेकामा जोड दिनुभएको थियो।

इन्टरनेसनल टेलिकम्युनिकेसन युनियन (आइटियु)ले दूरसञ्चार क्षेत्रमा विश्वव्यापी रुपमा नीति निर्माणको काम गर्दै आइरहेको छ। आइटियुमा १९४ देश सदस्य राष्ट्र छन्।

## विश्व समाचार

### जासुसी विवादपछि एनभिडियाका प्रमुखको राजीनामा

सान फ्रान्सिस्को, २७ कात्तिक (रासस/एएफपी)।

चिनियाँ जासुसीसँग जोडिएको आरोप र दुई महिलासँगको विवाहेतर सम्बन्ध सार्वजनिक भएपछि एनभिडियाका प्रमुख कार्यकारी अधिकृत जेन्सेन हुआङले राजीनामा दिनुभएको छ। उहाँको राजीनामासँगै कम्पनीमा ३३ वर्ष लामो नेतृत्वको अन्त्य भएको छ। यस घटनाले विश्वकै अग्रणी कृत्रिम बौद्धिकता (एआई) प्रविधि कम्पनी एनभिडियाको भविष्य र अमेरिकी प्रविधि उद्योगमा अनिश्चितता थपेको छ। राजीनामाको खबर सार्वजनिक भएपछि एनभिडियाको सेयर मूल्य सुरुमा १३ प्रतिशतसम्म घटेको थियो। कम्पनीको बजार पुँजीकरणमा करिब ४५ खर्ब अमेरिकी डलर बराबरको गिरावट आएको विवरण सार्वजनिक भएको छ। ६३ वर्षीय हुआङले प्रमुख कार्यकारीसँगै सञ्चालक समितिको सदस्य पदसमेत छाड्नुभएको छ। प्रमुख वित्तीय अधिकारी कोलेट क्रेसले अन्तरिम प्रमुख कार्यकारीको जिम्मेवारी सम्हाल्नुहुने भएको छ।

सन् २०२२ मा च्याटजीपीटी सार्वजनिक भएपछि तीव्र विस्तार भएको कृत्रिम बौद्धिकता (एआई) उद्योगमा हुआङ प्रमुख व्यक्तित्वका रूपमा स्थापित हुनुभएको थियो। भिडियो गेमका लागि ग्राफिक्स बनाउने प्रोसेसर उत्पादनबाट सुरु भएको एनभिडिया एआई मोडेल निर्माणका लागि आवश्यक चिपको प्रमुख आपूर्तिकर्ता बनेको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका अनौपचारिक सल्लाहकारसमेत रहनुभएका हुआङले चीनमा उन्नत एआई चिप बिक्रीमा लगाइएको प्रतिबन्धको विरोध गर्दै आउनुभएको थियो। विवादका बीच राष्ट्रपति ट्रम्पले एप्पलका पूर्वप्रमुख टिम कुकलाई एनभिडियाको नेतृत्वका लागि उपयुक्त उम्मेदवार बताउनुभएको छ। उता, सञ्चालक समितिले सिनोप्सिसका पूर्वप्रमुख हार्वी जोन्सलाई अध्यक्ष नियुक्त गरेको छ।

हुआङले सिङ्गापुरस्थित डाटा सेन्टर कम्पनी मेगास्पिडकी पूर्वकार्यकारी एलिस हुआङसँग सम्बन्ध रहेको स्वीकार गर्नुभएको थियो। अमेरिकी गुप्तचर निकायले एलिस चीनको राज्य सुरक्षा मन्त्रालयसँग सम्बन्धित व्यक्ति भएको आरोप लगाए पनि चीनले त्यसलाई अस्वीकार गरेको छ। सिङ्गापुरले भने मेगास्पिडसम्बन्धी अनुसन्धानमा गलत जानकारी दिएको भन्दै एलिसलाई गत फेब्रुअरीमा पुनः देश प्रवेशमा प्रतिबन्ध लगाएको जनाएको छ। तर उहाँमाथि जासुसीको अनुसन्धान नगरिएको स्पष्ट पारेको छ।

यसैबीच, 'द न्युयोर्क टाइम्स' ले एनभिडियाकी उपाध्यक्ष किम्बर्ली पावेलसँग पनि हुआङको अर्को सम्बन्ध रहेको दाबी गरेको छ। सञ्चालक समितिले हुआङ विदेशी गुप्तचर निकायको निशानामा परेको हुन सक्ने विषयमा अनुसन्धानसमेत सुरु गरेको थियो। अमेरिका र चीनबीच अत्याधुनिक प्रविधिमा वर्चस्व कायम गर्ने प्रतिस्पर्धा चलिरहेका बेला यो विवाद सार्वजनिक भएको हो। अमेरिकी सांसदहरूले हुआङ र चिनियाँ गुप्तचर निकायबीचको सम्भावित सम्बन्धबारे ट्रम्प प्रशासनसँग स्पष्टीकरण मागेका छन्। मेगास्पिडमार्फत प्रतिबन्धित एनभिडिया प्रविधि चीन पठाइएको हुन सक्ने आशङ्कासमेत उठेको छ। सिङ्गापुरले यस विषयमा अमेरिकी न्याय मन्त्रालय र एफबिआईसँग पटकपटक जानकारी माग्दा सीमित सहयोग मात्र प्राप्त भएको जनाएको छ।

### गिनीमा सुन खानी विवादमा १० जनाको मृत्यु

कोनाक्री, २७ कात्तिक (रासस/एएफपी)।

अवैध सुन खानीमा प्रतिबन्ध लगाउने सरकारी निर्णयपछि उत्तरपूर्वी गिनीमा सुरक्षा बल र खानी मजदुरबीच भएको झडपमा पाँच विदेशी नागरिकसहित कम्तीमा १० जनाको मृत्यु भएको छ। घटनामा सुरक्षाकर्मीसहित १३ जना घाइते भएका छन्। सरकारका अनुसार खनिज सम्पदाले धनी सिगुइरी जिल्लामा बुधबार झडप भएको हो। नोभेम्बर २ देखि प्रतिबन्ध लागू गर्न गस्तीमा खटिएका सुरक्षाकर्मीलाई प्रदर्शनकारीले अवरोध गरेपछि झडप भएको सरकारी विज्ञप्तिमा उल्लेख छ। घटनाबारे अनुसन्धान गर्न सरकारले सार्वजनिक अभियोजकलाई जिम्मेवारी दिएको छ। प्रतिबन्धपछि सुरक्षा बलले सुन खानीमा काम गर्न आएका दशौँ हजार विदेशी नागरिकलाई क्षेत्रबाट निष्कासन गरेको छ। झडपपछि प्रभावित क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको र मानिसहरू त्यहाँ जान डराएको स्थानीयले बताएका छन्। प्रत्यक्षदर्शीले घटनास्थलमा शव देखिएको र पसलहरूमा तोडफोड भएको बताएका छन्। झडपमा घाइते भएका एक स्थानीयका बुबाले सुरक्षा बलको कडा उपस्थितिका कारण उपचारका लागि सहयोग पाउन नसकेको जनाइएको छ। कारबाहीपछि छिमेकी मुलुक मालीतर्फ पनि ठूलो सङ्ख्यामा मानिस पुगेका छन्। माली सरकारले गिनीबाट करिब एक लाख ६० हजार मानिस निष्कासित भएको जनाउँदै त्यसबाट उत्पन्न मानवीय सङ्कटप्रति चिन्ता व्यक्त गरेको थियो।

### ट्रम्पद्वारा भान्सलाई घरेलु मुद्दामा केन्द्रित हुन निर्देशन

वासिङ्टन, २७ कात्तिक (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उपराष्ट्रपति जे डी भान्सलाई इरान युद्धबाट ध्यान हटाएर भ्रष्टाचार र अपराधविरुद्धको अभियानमा केन्द्रित हुन निर्देशन दिनुभएको छ। मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीले पराजय बेहोरेपछि युद्धको आर्थिक तथा राजनीतिक प्रभावबारे आलोचना बढिरहेका बेला ट्रम्पको यस्तो निर्देशन आएको हो। ट्रम्पले इरानसँग सम्झौता गर्न आवश्यक नरहेको दाबी गर्दै अमेरिकाले आफ्नो पैसा र हर्मुज जलघाँटीमाथि नियन्त्रण प्राप्त गरिसकेको बताउनुभएको छ। तर, आवश्यक परे इरानमाथि सैन्य आक्रमण पुनः सुरु गर्न आफू तयार रहेको उहाँले स्पष्ट पार्नुभएको छ।

युद्ध अन्त्यका लागि वार्ताको नेतृत्व गर्नुभएका भान्सले निर्वाचनमा रिपब्लिकनहरूको पराजयको एउटा कारण इरान युद्ध भएको टिप्पणी गर्नुभएको थियो। यसैबीच, इरानका मुख्य वार्ताकार तथा संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफले अमेरिकाले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनमार्फत प्रत्यक्ष वार्ताका लागि पहल गरेको दाबी गर्नुभएको छ। अमेरिकाले भने यसबारे स्पष्ट प्रतिक्रिया दिएको छैन। उता, हर्मुज जलघाँटी आसपास तेल ट्याङ्करमाथि आक्रमणका घटना भइरहेका छन्। बेलायती सेनाका अनुसार पछिल्ला दिनमा कम्तीमा दुई ट्याङ्कर प्रक्षेप्य आक्रमणमा परेका छन्। यसले खाडी क्षेत्रको समुद्री सुरक्षा र ऊर्जा आपूर्तिबारे चिन्ता बढाएको छ।

# 'नेपाली डायस्पोराका समस्या समाधान सरकारको प्राथमिकतामा छन्'

काठमाडौँ, २७ कात्तिक (रासस)।

परराष्ट्रमन्त्री शिशिर खनालले तुर्किएलगायत विदेशमा बसोबास तथा कार्यरत नेपाली समुदायका समस्या र सरोकारलाई सम्बोधन गर्नु सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१)मा सहभागी हुने क्रममा टर्किएको अन्ताल्यामा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् (एनसिसी) तुर्किएका अध्यक्ष विनोद पौडेलसँग भएको भेटवार्ता तथा छलफलका क्रममा परराष्ट्रमन्त्री खनालले उक्त प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

एनआरएनए एनसिसी तुर्किएका अध्यक्ष पौडेलले परराष्ट्रमन्त्री खनालसमक्ष विभिन्न विषय समेटिएको ज्ञापनपत्र बुझाउनुभएको थियो। ज्ञापनपत्र ग्रहण गर्दै परराष्ट्रमन्त्रीले विदेशमा रहेका नेपाली समुदायका समस्या तथा गुनासालाई समयमै सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको मन्त्री खनालको निजी सचिवालयले जनाएको छ।

उहाँले नेपाली नागरिकलाई प्रभावकारी र सहज कन्सुलर सेवा उपलब्ध गराउने, उनीहरूका गुनासा समयमै सुनुवाइ गर्ने तथा विदेशमा रहेका नेपालीको सुरक्षा र हित संरक्षणलाई सरकारले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो।

यसैगरी, कोप-३१ मा नेपाली प्रतिनिधिमण्डलको सहभागिताका क्रममा आवश्यक समन्वय र सहजीकरण गरेकामा इस्लामावाद, कायरोस्थित नेपाली नियोग तथा एनआरएनए एनसिसी तुर्किएको टोलीलाई परराष्ट्रमन्त्री खनालले धन्यवाद व्यक्त गर्नुभएको थियो।

## सर्वोच्चमा चार न्यायाधीश नियुक्त

काठमाडौँ, २७ कात्तिक (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले चार जना न्यायाधीशलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गर्नुभएको छ।

नेपालको संविधानको धारा १२९ को उपधारा (२) अनुसार न्यायपरिषद्को सिफारिसमा उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशलाई सर्वोच्चको न्यायाधीशमा शुक्रबार नियुक्त गर्नुभएको हो।

राष्ट्रपतिको कार्यालयका अनुसार डा रत्नबहादुर बाग्चन्द, चन्द्रबहादुर सारु, जनक पाण्डे र गोकर्ण डाँगीलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरिएको हो।

डा बाग्चन्द उच्च अदालत पोखराका मुख्य न्यायाधीश हुनुहुन्थ्यो भने न्यायाधीश सारु उच्च अदालत पाटन, न्यायाधीश पाण्डे उच्च अदालत पाटन (हेटौँडा इजलास) र डाँगी उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जका न्यायाधीश हुनुहुन्थ्यो।

### *आर्थिक गणनामा ...*

केन्द्रीकृत सफ्टवेयर वा डेटाबेसमा प्रविष्ट गर्ने काम अन्तिम चरणमा पुगेको छ। हालसम्म करिब सात लाख व्यावसायिक प्रतिष्ठानको विवरण प्रविष्ट गरिएको उहाँले जानकारी दिनुभयो।

गणनामा व्यावसायिक कृषि, खानी, उत्पादन तथा उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्थासम्बन्धी प्रतिष्ठानको विवरण समेटिएको छ।

तथ्याङ्क प्रविष्टि तथा प्रशोधनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको कार्यालयले जनाएको छ। आर्थिक गणनाको प्रतिवेदन तयार भएपछि देशको आर्थिक विकासमा हुने लगानीले सिर्जना गर्ने रोजगारी, वस्तु उत्पादन तथा समग्र अर्थतन्त्रमा पार्ने प्रभावको विश्लेषण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### *महापर्व छठ ...*

आवश्यक सामग्रीमा पर्ने हुँदा पर्वविशेषमा यी कृषि उपजले राम्रो बजार पाउने गरेका छन्।

कात्तिक शुक्ल तृतीयाकै दिन बर्तालुले उसिना चामल, कोदो, मुसुरो, माछामासुसहित तामसी र राजसी भोजन परित्याग गरी 'अरबा-अरबाइन' विधि बिहीबार नै गरेका हुन्। निरामिष (सात्विक) भोजन सुरु गरेर तृतीयाकै दिन व्रतको तयारी थाल्ने परम्परा छ।

अहिले जतातै सूर्यदेव र षष्ठी (छठी) देवीको महिमा गाइएका गीत गुञ्जदैछन्। छठ प्रारम्भसँगै धार्मिक महत्वका तलाउ र नदी परिसर बेहुलीझैं सिङ्गारिएका छन्। पर्वमा महिला/पुरुष जसले व्रत गरे पनि हुने विधान (शास्त्रीय मत) भए पनि धेरैजसो घरको मुख्य महिलाले नै व्रत सङ्कल्प गर्ने गरेको पाइन्छ।

# टर्कियमा रहेका नेपालीका समस्या समाधान गर्न सरकार प्रतिबद्ध

अन्ताल्या (टर्किए), २७ कात्तिक (रासस)।

परराष्ट्रमन्त्री शिशिर खनालले टर्कीमा रहेका नेपाली नागरिकका कन्सुलर सेवा तथा वैदेशिक रोजगारीसम्बन्धी समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् टर्कीले शुक्रबार बुझाएको ज्ञापनपत्र ग्रहण गर्दै उहाँले नेपाली नागरिकलाई कन्सुलर सेवा सहज बनाउन अवैतनिक वाणिज्यदूतमार्फत सेवा प्रदान गर्ने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो।

टर्कीमा नेपाली राजदूतावास स्थापना गर्ने वा दक्षिणपूर्वी युरोपका देशलाई समेत समेट्ने गरी कन्सुलर सेवा विस्तार गर्ने विषयमा सरकारले अध्ययन गरिरहेको उहाँले बताउनुभयो।

बिचौलियाको प्रलोभनमा परी ठूलो रकम खर्च गरेर रोजगारीका लागि टर्की पुग्ने नेपाली श्रमिक समस्यामा पर्ने गरेको उल्लेख गर्दै मन्त्री खनालले सुरक्षित र वैधानिक वैदेशिक रोजगारीका लागि टर्की सरकारसँग द्विपक्षीय श्रम सम्झौता गर्ने सम्भावनाबारे अध्ययन गरिने बताउनुभयो।

समस्यामा परेका नेपालीको उद्धार तथा सहयोगमा एनआरएनएले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै उहाँले श्रमिकका समस्या समाधानका लागि परराष्ट्र मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

ज्ञापनपत्र बुझाउँदै एनआरएनए टर्कीका अध्यक्ष विनोद पौडेलले टर्कीमा नेपाली राजदूतावास वा नियमित कन्सुलर सेवा स्थापना गर्न, व्यक्तिगत श्रम स्वीकृति बन्द गरी संस्थागत माध्यमबाट मात्र श्रमिक पठाउने व्यवस्था गर्न, श्रम शोषण र ठगी नियन्त्रण गर्न तथा घरेलु महिला श्रमिकको सुरक्षा सुनिश्चित गर्न माग गर्नुभएको थियो। उहाँले अलपत्र श्रमिकको उद्धारका लागि स्थायी सरकारी संयन्त्र निर्माण गर्न पनि आग्रह गर्नुभएको थियो।

मन्त्री खनाल कोप-३१ सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै टर्कीमा हुनुहुन्छ।


## मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं।



**सचिन्द्र दास**

अध्यक्ष, तथा

जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.

राजविराज ४, सप्तरी, परिवार

## मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं।



**विश्वनाथ मण्डल**

अध्यक्ष

तथा

जन ज्योति कृषि सहकारी संस्था लिमिटेड

संचालक समिति परिवार

राजविराज ९, मलेठ, सप्तरी

## मंगलमय शुभकामना

लोक आस्थाको महान छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना न्यक्त गर्दछौं।



**शत्रुघन प्रसाद गुप्ता**

अध्यक्ष, तथा

नेपाल सहकारी संस्था लि.

राजविराज ३, सप्तरी, परिवार


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*